(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८३ साल बैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरू समेटी तयार पारिएको

(स्वतः प्रकाशन)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना प्रविधि विभाग

एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)

डिजास्टर रिकभरी कार्यालय

हेटौंडा, मकवानपुर

फोनः ०५७-५२६३०१, ०५७-५२६३०२, इमेलः info@dro.gov.np

२०८३ साउन

२०८३ साल बैशाख १ गते देखि २०८३ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरू समेटी तयार पारिएको (स्वतः प्रकाशन)

प्रकाशकः	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सूचना प्रविधि विभाग एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) डिजास्टर रिकभरी कार्यालय सूचना प्रविधि एकाइ
फोन नं.:	०५७-५२६३०१, ०५७-५२६३०२
वेबसाइटः	**www.dro.gov.np**
इमेलः	**info@dro.gov.np**
प्रकाशनः	२०८३ साउन ४

विषयसूची

१. निकायको स्वरुप र प्रकृति..१
२. निकायको काम, कर्तव्य र अधिकार...२
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण..३
क) संगठन संरचना...३
ख) कर्मचारी संख्या...४
ग) कार्य विवरण...५
४. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर........७
५. निकायबाट प्रदान गरिने सेवा...७
६. निकायमा कार्यरत कर्मचारी विवरण...८
७. आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक सम्मको प्रगति विवरण.....................................८
८. आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक सम्मको विनियोजन र खर्च विवरण........................९

१. निकायको स्वरुप र प्रकृति

आ.व.२०८०/८१ को बजेट बक्तव्यमा राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी सोसँग सम्बन्धित कार्यहरु सूचना प्रविधि विभागले गर्ने विषय उल्लेख भएको र सोको कार्यान्वयनका लगि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१०/०९ गतेको निर्णय बमोजिम सूचना प्रविधि विभाग मातहत रहने गरी एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) र डिजास्टर रिकभरी कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भई यस कार्यालयको स्थापना भएको हो। त्यसैगरी, मिति २०८१/०१/२० को मन्त्रिपरिषद् बैठकबाट राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ तथा सो आदेश बमोजिम सञ्चालनमा रहेको राष्ट्रिय सूचना प्रविधि केन्द्र संवत् २०८१ साल साउन १ गतेदेखि लागू हुने गरी खारेज गरिएकोले साविक डिजास्टर रिकभरी केन्द्रबाट सम्पादन हुँदै आएका सम्पूर्ण कार्यहरु सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको सूचना प्रविधि विभाग मातहत सञ्चालनमा रहेको यस डिजास्टर रिकभरी कार्यालयले गर्ने व्यवस्था गरिएको हो। पुनः मिति २०८३/०१/३० गते नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ अनुसार सूचना प्रविधिसम्बन्धी संस्थाहरुको कार्यक्षेत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने व्यवस्था भएबमोजिम हाल यस कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको सूचना प्रविधि विभाग मातहतमा सञ्चालनमा रहेको छ।

डिजास्टर रिकभरी कार्यालय, एकीकृत डाटा व्यवस्थापन केन्द्रमा रहेका डाटाहरुको सुरक्षित ब्याकअप सुनिश्चित गर्ने तथा नेपाल सरकारको सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्धन गर्न, नेपालमा सूचना प्रविधिको प्रयोगको विस्तारले सरकारको सूचना प्रणालीको निर्भरतालाई सम्बोधन गर्न, सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निरन्तर विकास एवम् विस्तारबाट उपयुक्त अवसर सिर्जना गर्न तथा नीतिगत/संस्थागत चुनौतीहरु सम्बोधन गर्ने उद्देश्यका साथ स्थापना भएको हो। निजामती सेवाका कुल २० पद रहने गरी स्वीकृत भएको यस कार्यालयमा १४ जना प्राविधिक र ६ जना प्रशासनिक पद रहेका छन्।

साविकको डिजास्टर रिकभरी केन्द्र वि.सं. २०७६ मा नेपाल सरकार र मित्रराष्ट्र गणतन्त्र कोरिया सरकार बीचको मित्रता एवम् सहयोगको प्रतिकका रुपमा कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोईका) मार्फत् गणतन्त्र कोरिया सरकारद्वारा अनुदान सहयोगमा निर्मित सरकारी एकीकृत डाटा केन्द्र अन्तर्गत स्थापना भएको परियोजना हो। हाल नेपाल सरकारका मन्त्रालय, विभाग तथा निकायहरुका लागि एक मात्र आधिकारिक सरकारी डाटा सेन्टर सिहंदरबारमा रहेको एकीकृत डाटा व्यवस्थापन केन्द्रको ब्याकअपको रुपमा सञ्चालित कार्यालय हो।

२. निकायको काम, कर्तव्य र अधिकार

डिजास्टर रिकभरी कार्यालयको संगठनात्मक संरचना, प्रकृति र कार्यविवरणका आधारमा देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु निर्धारण गरिएको छः

क) नेपाल सरकारको सूचना प्रविधि क्षेत्रको विकास र प्रवर्धन गर्ने,

ख) नेपालमा सूचना प्रविधिको प्रयोगको विस्तारले सरकारको सूचना प्रणालीको निर्भरतालाई सम्बोधन गर्ने,

ग) कार्यालयको प्रशासनिक, आर्थिक तथा प्राविधिक कार्य सञ्चालन गर्ने,

घ) सरकारी निकायका डाटा सुरक्षा, नियमित ब्याकअप तथा आकस्मिक अवस्थामा सेवा पुनःस्थापना गरी निरन्तरताको व्यवस्था गर्ने,

ङ) निकायमा रहेका Information Technology पूर्वाधारको सुचारु सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

च) निकायमा रहेका Electrical, Electromechanical र HVAC पूर्वाधारको नियमित र व्यवस्थित सञ्चालन तथा मर्मत सम्बन्धी कार्य गर्ने,

छ) सरकारी निकायहरुलाई VM/VPS क्लाउड सेवा, सर्भर कोलोकेसन तथा डाटा सुरक्षा सम्बन्धी सेवा प्रदान गर्ने,

ज) सरकारी निकायहरुलाई डाटा सेन्टर सम्बन्धी परामर्श तथा प्राविधिक सहायता उपलब्ध गराउने,

झ) आवश्यकता अनुसार कार्यलयमा रहेको पूर्वाधार तथा प्रणालीको क्षमता विस्तार गरी सेवा प्रवाह सुदृढ गर्ने,

ञ) डाटा सेन्टरसँग सम्बन्धित पूर्वाधार एवम् प्रणाली सम्बन्धी तालिम प्रदान गर्ने,

ट) कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि तालिम तथा अध्ययन अवलोकन भ्रमण सम्बन्धी कार्यहरु गर्ने,

ठ) सूचना प्रविधिसम्बन्धी मापदण्ड, निर्देशिका तथा कार्यविधि पालना गर्ने,

ड) साइबर सुरक्षा, पहुँच नियन्त्रण तथा डाटा गोपनीयता सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

ढ) प्रचलित कानून, नीति तथा निर्देशन बमोजिम अन्य आवश्यक कार्य गर्ने गराउने।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

क) संगठन संरचना

अनुसूची १.२

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना प्रविधि विभाग
एकीकृत डाटा व्यवस्थापन केन्द्र
(राष्ट्रिय सूचना प्रविधि केन्द्र)
सांगठनिक संरचना

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रविधि विभाग

एकीकृत डाटा व्यवस्थापन केन्द्र
(राष्ट्रिय सूचना प्रविधि केन्द्र)
कार्यालय प्रमुख, (रा.प.प्र.),प्रा.(विविध)-१

67-27-0911
67-27-0117

सूचना प्रविधि शाखा
- निर्देशक, रा.प.द्वितीय (विविध)-१
- कम्प्युटर अधिकृत(डाटा सेन्टर),रा.प.तृतीय (विविध)-४
- कम्प्युटर अधिकृत(सिस्टम एडमिनिस्ट्रेटर), रा.प.तृतीय (विविध)- ३
- कम्प्युटर अधिकृत(नेटवर्क एडमिनिस्ट्रेटर), रा.प.तृतीय (विविध)-३
- कम्प्युटर अधिकृत (सेक्युरिटी), रा.प.तृतीय (विविध)-३
- कम्पयूटर टेक्निसियन (डाटा सेन्टर) रा.प.अनं. प्रथम (विविध)-३

विद्युतीय प्रणाली सञ्चालन शाखा
- निर्देशक, रा.प.द्वितीय (विविध)-१
- कम्प्यूटर ईन्जिनियर, रा.प.तृतीय (विविध)-३
- ईलेक्ट्रिकल ईन्जिनियर, रा.प.तृतीय-२
- ईलेक्ट्रिकल टेक्निसियन-रा.प.अनं.प्रथम-२

आन्तरिक व्यवस्थापन तथा योजना एकाइ,
- शाखा अधिकृत, रा.प.तृतीय(प्र.)-१
- लेखा अधिकृत, रा.प.तृतीय-१
- कम्प्यूटर ईन्जिनियर, रा.प.तृतीय(विविध)-३
- नायब सुब्बा ,रा.प.अन.प्रथम(प्र.)-१
- हलुका सवारी चालक - ३
- कार्यालय सहयोगी-४

डिजास्टर रिकभरी कार्यालय, हेटौडा
- निर्देशक, रा.प.द्वितीय(विविध)-१

सूचना प्रविधि एकाइ
- कम्प्युटर अधिकृत(डाटा सेन्टर), रा.प.तृतीय(विविध)-३
- कम्प्युटर अधिकृत(सिस्टम एडमिनिस्ट्रेटर),रा.प.तृतीय (विविध)-१
- कम्प्युटर अधिकृत (नेटवर्क एडमिनिट्रेटर), रा.प.तृतीय (विविध)-३
- कम्पयूटर टेक्निसियन (डाटा सेन्टर) रा.प.अनं.प्रथम,(विविध)-२

प्रशासन एकाइ
- नायब सुब्बा,रा.प. अनं. प्रथम(प्र.) - १
- लेखापाल,रा.प. अनं. प्रथम-१
- हलुका सवारी चालक - २
- कार्यालय सहयोगी-२

विद्युतीय प्रणाली सञ्चालन एकाइ
- ईलेक्ट्रिकल ईन्जिनियर, रा.प.तृतीय-१
- ईलेक्ट्रिकल टेक्निसियन,रा.प.अनं.प्रथम-३

नेपाल सरकार, सिंहदरबार
विनोद प्रकाश सिंह

ख) कर्मचारी संख्या

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रविधि विभाग

एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)

डिजास्टर रिकभरी कार्यालयको दरबन्दी तेरिज

क्र.सं.	पद नाम	श्रेणी	सेवा	समूह	उप समूह	स्वीकृत दरबन्दी	कैफियत
१.	कार्यालय प्रमुख	रा. प. द्वितीय	विविध	-	-	१	स्थायीबाट पदपूर्ति हुने
२.	कम्प्युटर अधिकृत (डाटा सेन्टर)	रा. प. तृतीय	विविध	-	-	३	
३.	कम्प्युटर अधिकृत (सिस्टम एडमिनिष्ट्रेटर)	रा. प. तृतीय	विविध	-	-	१	
४.	कम्प्युटर अधिकृत (नेटवर्क एडमिनिष्ट्रेटर)	रा. प. तृतीय	विविध	-	-	३	
५.	इलेक्ट्रिकल इन्जिनियर	रा. प. तृतीय	इन्जिनियरिङ्ग	इलेक्ट्रिकल	जनरल इलेक्ट्रिकल	१	
६.	कम्प्युटर टेक्निसियन (डाटा सेन्टर)	रा. प. अनं. प्रथम	विविध	-	-	२	
७.	इलेक्ट्रिकल टेक्निसियन	रा. प. अनं. प्रथम	इन्जिनियरिङ्ग	इलेक्ट्रिकल	जनरल इलेक्ट्रिकल	३	
८.	नायब सुब्बा	रा. प. अनं. प्रथम	प्रशासन	सामान्य प्रशासन	-	१	
९.	लेखापाल	रा. प. अनं. प्रथम	प्रशासन	लेखा	-	१	
१०.	हलुका सवारी चालक	श्रेणीविहीन	-	-	-	२	स्थायी/ करारबाट पदपूर्ति हुने
११.	कार्यालय सहयोगी	श्रेणीविहीन	-	-	-	२	
जम्मा						२०	

ग) कार्य विवरण

सूचना प्रविधि एकाइ

- सूचना प्रविधि एकाइको दैनिक कार्य सञ्चालन एवं व्यवस्थापन गर्ने।
- नेटवर्क, सर्भर तथा सिस्टमको पूर्वाधार विस्तार, व्यवस्थापन, उपयोग तथा प्रमाणिकरण गर्ने ।
- Network पहुँच, अनुगमन, नियन्त्रण तथा मूल्याङ्कन प्रणाली लागू गरी Network लाई सुरक्षित गर्ने।
- सरकारी निकायहरुको विद्युतीय सेवालाई आवश्यक पर्ने सूचना प्रविधि पूर्वाधारहरु उपलब्ध गराउने।
- सरकारी डाटा व्याकअप तथा डाटा सेक्युरिटी सम्बन्धी कार्य गर्ने।
- निरन्तर रूपमा अनुगमन, विश्लेषण र प्रस्तुतिकरणद्वारा Network को Performance लाई सुदृढ बनाउने।
- सरकारी निकायहरुमा परामर्श तथा प्राविधिक सहायता उपलव्ध गराउने ।

विद्युतीय प्रणाली सञ्चालन एकाइ

- डाटा सेन्टरको इलेक्ट्रिकल प्रणाली सुदृढीकरणका लागि वार्षिक कार्यक्रम प्रस्ताव, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।
- डाटा सेन्टरलाई २४ सै घण्टा सञ्चालन गर्न डाटा सेन्टरको विद्युतीय प्रणलीको डिजाइन, निर्माण, संशोधन तथा अपग्रेड गरी उच्च गुणस्तरको सेवा सुनिश्चित गर्ने ।
- पावर सिस्टम, भोल्टेज, फ्रिक्वेन्सी, विद्युत खपत लगायतका विषयमा नियमित अनुगमन, विश्लेषण, पूर्व तयारी गरी विद्युतीय प्रणालीलाई चुस्त दुरुस्त राखे।
- विद्युतिय प्रणालिका सफ्टवेयर र हार्डवेयरको Performance Audit गरी तिनको सू-सञ्चालन, मर्मत संभार गर्ने, गराउने।
- डाटा सेन्टरमा निर्वाध रूपमा विद्युत आपूर्ति व्यवस्था मिलाउन व्याट्रि, यू. पि. एस. र जेनेरेटरको नियमित परिक्षण र संभार गर्ने गराउने।
- डाटा सेन्टरमा रहेका CRAC, HVAC र Normal Air Conditioner हरुको नियमित अनुगमन, मर्मत संभार गर्ने गराउने।
- डाटा सेन्टरका सम्पूर्ण ईलेक्ट्रिकल मेशिनहरु, विद्युत नेटवर्क लगायतलाई व्यवस्थापन तथा मर्मत सम्भार गर्ने गराउने।

प्रशासन एकाइ

- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु गर्ने तथा कार्यालयमा रिक्त रहेको दरबन्दीहरुमा पदपूर्ति सम्बन्धी कार्यहरु गर्ने।
- कर्मचारीहरुको अभिलेख सम्बन्धी कार्यहरु, कर्मचारीहरुको समयपालना, हाजिरी, अनुशासन, पुरस्कार र सजाय सम्बन्धी कार्यहरु गर्ने।
- केन्द्रमा आवश्यक पर्ने सामानहरूको नियमानुसार आपूर्तिको राम्रो व्यवस्था मिलाउने, प्राप्त सामग्रीको सञ्चय र समुचित सदुपयोग हुने व्यवस्था मिलाउने, सामानको अद्यावधिक तथ्याङ्क राख्ने र खर्च, लिलाम तथा अन्य मिनाहा लगत कट्टी आदि कार्यहरू गर्ने।
- आवश्यक सामग्रीहरूको खरिद तथा वितरण गर्ने। आवश्यक सामग्रीहरूको आपूर्ति तथा निर्माण कार्य टेन्डर वा कोटेसन कसरी गर्नुपर्ने हो रायसाथ सुपरिवेक्षक समक्ष पेस गर्ने।
- नियमानुसार खरिद गरीएका सबै माल सामानहरु रीतपूर्वक दाखिला गरी जिन्सी सम्पतिको विवरण अद्यावधिक गरी राख्ने ।
- जिन्सीको लेखा परीक्षण गराउने तया उठाइएका बेरुजुहरु फछ्यौट गर्ने रायसाथ पेस गर्ने।
- वर्षभरिमा आवश्यक पर्ने सामानहरूको लागत बनाई खरिद गर्न स्वीकृतिका लागि पेस गर्ने।
- भौतिक साधनको स्याहार, संभार, मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- खरिद तथा निर्माण कार्यको लागि बजेट तर्जुमा गरी स्वीकृतिका लागि पेस गर्ने।
- प्रशासन शाखामा प्राप्त भएका विभिन्न पत्रहरुको आवश्यक कार्यवाही गर्ने।
- आन्तरिक सुरक्षा, पालोपहरा, सर-सफाइ सम्बन्धी कार्यहरुको प्रबन्ध गर्ने ।
- केन्द्रले आयोजना गर्ने तालिम, प्रशिक्षण, अनुशिक्षण लगायतका कार्यक्रमको व्यवस्थापन गर्ने ।
- केन्द्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने खालका तालिम तया अध्ययन अवलोकन भ्रमण सम्बन्धी कार्यहरु गर्ने।
- साधारण तथा विकास बजेट तयार गर्ने। प्रचलित आर्थिक नियमको परिधिभित्र रही विभागीय प्रमुखको निर्देशनमा बजेट खर्च गर्ने। को.ले.नि.का. तथा म.ले.प.को कार्यालयबाट औंल्याइएका बेरुजुहरू समयमै फछ्यौट गर्ने ।
- कार्यालयमा भएका आर्थिक कार्यहरुको नियमानुसार आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने।

४. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर

जिम्मेवारी	कर्मचारीको नाम, थर	पद	सम्पर्क नं.	इमेल ठेगाना
कार्यालय प्रमुख	रमेश नेपाल	कार्यालय प्रमुख	९८५५०३७३०४	ramesh.nepal@nepal.gov.np
सूचना अधिकारी	हेमन्त थापा मगर	कम्प्युटर अधिकृत	९८५५०१७३०४	hemanmagar169@gmail.com
गुनासो सुन्ने अधिकारी	प्रिया कर्ण	कम्प्युटर अधिकृत	९८६५३६९५२१	priya.karn@nepal.gov.np

५. निकायबाट प्रदान गरिने सेवा

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना प्रविधि विभाग

एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)

डिजास्टर रिकभरी कार्यालय

हुप्राचौर, हेटौंडा — ४, मकवानपुर

फोन: ०५७-५२६३०१

इमेल: info@dro.gov.np

नागरिक बडापत्र

क्र.सं.	कामको विवरण	आवश्यक कागजातहरु	काम गर्ने अवधि	शाखा	लाग्ने दस्तुर
१	VM / VPS सेवा	VAPT सहितको केन्द्रको ढाँचा अनुसारको फारम साथै अनुरोध पत्र	३ कार्य दिन भित्र	सूचना प्रविधि शाखा	शुल्क नलाग्ने
२	Server Co-location	सरकारी कार्यालयबाट सेवाको अनुरोध साथै आवश्यकता अनुसारका उपकरणहरु	३ कार्य दिन भित्र	सूचना प्रविधि शाखा	शुल्क नलाग्ने

जिम्मेवारी	नाम	पद	मोवाइल नं	इमेल
कार्यालय प्रमुख	रमेश नेपाल	कार्यालय प्रमुख	९८५५०३७३०४	ramesh.nepal@nepal.gov.np
सूचना अधिकारी	हेमन्त थापा मगर	कम्प्युटर अधिकृत	९८५५०१७३०४	hemanmagar169@gmail.com
गुनासो सुन्ने अधिकारी	प्रिया कर्ण	कम्प्युटर अधिकृत	९८६५३६९५२१	priya.karn@nepal.gov.np

नोटः नागरिक वडापत्र कार्यालयको वेबसाइटमा समेत राखिएको छ।

६. निकायमा कार्यरत कर्मचारी विवरण

क्र.सं.	नाम, थर	पद	कार्य विवरण	शाखा
१.	रमेश नेपाल	कार्यालय प्रमुख	प्रशासन	प्रशासन
२.	हेमन्त थापा मगर	कम्प्युटर अधिकृत	सूचना प्रविधि	सूचना प्रविधि एकाइ
३.	प्रिया कर्ण	कम्प्युटर अधिकृत	सूचना प्रविधि	सूचना प्रविधि एकाइ
४.	प्रदिप भट्टराई	कम्प्युटर अधिकृत	सूचना प्रविधि	सूचना प्रविधि एकाइ
५.	नरेश कुमार खवास	कम्प्युटर टेक्निसियन	सूचना प्रविधि	सूचना प्रविधि एकाइ
६.	सुभाष सिंह	इलेक्ट्रिकल टेक्निसियन	इलेक्ट्रिकल	विद्युतीय प्रणाली सञ्चालन एकाइ
७.	विकास श्रेष्ठ	इलेक्ट्रिकल टेक्निसियन	इलेक्ट्रिकल	विद्युतीय प्रणाली सञ्चालन एकाइ
८.	सम्झना साही	नायब सुब्बा	प्रशासन	प्रशासन एकाइ
९.	दुर्गा कुमारी उप्रेती	लेखापाल	लेखा	प्रशासन एकाइ
१०.	सविन कुमार हमाल	हलुका सवारी चालक	सवारी	प्रशासन एकाइ
११.	शिवनन्दन राजवंशी	कार्यालय सहयोगी	कार्यालय	प्रशासन एकाइ
१२.	चनामती गोले	कार्यालय सहयोगी	कार्यालय	प्रशासन एकाइ

७. आ.व.२०८२/८३ को चौथो त्रैमासिक सम्मको प्रगति विवरण

सूचना प्रविधि एकाइ

- उच्च उपलब्धता, कार्यसम्पादन तथा सुरक्षा सहित हालसम्म ४०० भन्दा बढी Virtual Machine/Virtual Private Server (VM/VPS) सेवा सञ्चालनमा रहेको,
- Oracle PCA मार्फत् २०२ र Vmware ESXi मार्फत् २८ गरी जम्मा २३० वटा सरकारी निकायहरुलाई IT प्रणाली सञ्चालनका लागि स्रोत (Server, Storage, Network) उपलब्ध गराई हाल ४३४ वटा VM सञ्चालनमा रहेका,
- न्यूनतम डाउनटाइम सुनिश्चित हुने नियन्त्रित वातावरणमा हालसम्म ३२ वटा सरकारी निकायहरुलाई Server Co-location सेवा प्रदान गरिएको,
- विभिन्न निकायबाट प्राप्त अनुरोध अनुसार चौथो त्रैमासिक अवधिमा १५ भन्दा बढी सरकारी निकायहरुलाई Technical Specification, TOR लगायत प्राविधिक परामर्श तथा सहयोग सेवा प्रदान गरिएको,

- नेटवर्क, सर्भर, स्टोरेज, भर्चुअलाइजेशन तथा क्लाउड पूर्वाधारको सञ्चालन, मर्मत तथा अनुगमन गर्ने साथै सरकारी निकायहरुको VM/VPS मा आउने प्राविधिक समस्या समाधान गरी सेवा निरन्तरताको व्यवस्था गरिएको।

८. आ.व.२०८२/८३ को चौथो त्रैमासिक सम्मको विनियोजन र खर्च विवरण

विनियोजित बजेट (रु. हजारमा)			खर्च (रु. हजारमा)			खर्च प्रतिशत (%)		
चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
४२७४७	७०३८०	११३१२७	३३४७३	१७२४	३५१९७	७८.३०	२.४४	३१.११